नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं. ३२४१

मितिः २०८२।१२।१५

**विषयः स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) मा विवरण प्रविष्टि गर्ने समयावधि सम्बन्धमा।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू (७५३),
श्री जिल्ला समन्वय अधिकारीज्यू (७७) ।

मिति २०८२।११।१९, मंगलबार दिउँसो ११:०० देखि सुचारु भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा विभिन्न स्थानीय तहबाट विवरण प्रविष्टि गरी जिल्ला समन्वय समितिमा प्रारम्भिक नतिजा प्रेषित गर्ने कार्य भईरहेको देखिएको छ । सो सम्बन्धमा प्रणालीमा देखिएको अत्याधिक चाप तथा विभिन्न प्राविधिक समस्याको कारणले गाउँपालिका/नगरपालिकाबाट प्रारम्भिक नतिजा तयार गरी तोकिएको समयसीमा भित्र जिल्ला समन्वय समितिमा पठाउन कठिनाइ भएको गुनासो विभिन्न स्थानीय तहबाट प्राप्त भएको हुँदा मिति २०८२/१२/२० गते, शुक्रवार रातको १२:०० बजे सम्म विवरण प्रविष्टि गर्न सकिने गरी प्रणाली खुला रहने व्यवस्था मिलाइएको व्यहोरा सूचित गराइन्छ। यस समयावधि भित्र गाउँपालिका/नगरपालिकाबाट जिल्ला समन्वय समितिमा प्राप्त भएका प्रारम्भिक नतिजा उपर पृष्ठपोषण प्रदान गर्ने कार्य समेत प्रणालीमार्फत समानान्तर रुपमा सम्पन्न गर्न सकिने व्यहोरा जानकारी गराउँदै सम्पूर्ण जिल्ला समन्वय समितिबाट समेत प्राप्त भएको प्रारम्भिक नतिजा उपर तोकिएको समयावधि भित्र गाउँपालिका/नगरपालिकालाई पृष्ठपोषण प्रदान गर्नुहुन निर्णयानुसार अनुरोध छ।

१२/१५

(दीप्रेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखाः सबै गाउँपालिका, नगरपालिका, तथा जिल्ला समन्वय समितिमा ईमेलमार्फत पत्र प्रेषित गरी वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np